greenlife Hydro Power Ltd.

# ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड

## कमलपोखरी, काठमाण्डौ

(कम्पनी दर्ता नं. १७०१८९/०६६/०६७ मिति २०६६/०६/०४)

**मिति २०८२/०७/२८ गते सम्पन्न १३औं, १४औं तथा १५औं**

**बार्षिक साधारणसभा (आर्थिक बर्ष २०७८/०७९, २०७९/०८० तथा २०८०/०८१) को विवरण (माइन्युट)**

यस अघि कम्पनी ऐन, २०६३ बमोजिम सम्पुर्ण प्रकृया पुरा गरी मिति २०८२।०६।०८ को संचालक समितिको बैठकले निर्णय गरी मिति २०८२।०७।१८ गते लिसारा रिसेप्सन्स प्रा.लि., भगवती बहाल, नक्साल काठमाण्डौमा बोलाईएको साधारणसभामा गणपुरक सख्या अपुग हुनगई सभा बैधानिक हुन नसकेको कारण साधारणसभा स्थगित भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को (२) बमोजिम पुनः घटीमा ७ दिनको सुचना प्रकाशित गरी मिति २०८२।०७।२० को संचालक समितिको बैठकले पुनः यो साधारणसभा बोलाएको हो ।
यस कम्पनीको १३ औं, १४ औं तथा १५ औं संयुक्त वार्षिक साधारणसभा कम्पनीका सञ्चालक समितिको अध्यक्ष श्रीमती याङचेन डोमा लामाज्यूको सभापतित्वमा मिति २०८२/०७/२८ का दिन लिसारा रिसेप्सन्स प्रा. लि., भगवती वहाल नक्सालमा बिहान ११:०० वजे शुरु भई १:३० बजेसम्म पूर्व निर्धारित प्रस्तावहरु माथि छलफल गरी पारित भएको निर्णय अभिलेख (माइन्यूट) निम्न बमोजिम रह्यो ।

**१. सभाको सूचना जारी :**

यस अघि मिति २०८२।०७।१८ मा बोलाईएको साधारणसभा गणपुरक संख्या अपुग भै स्थगित भएकोले पुनः कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको मिति २०८२/०७/२० गते बसेको बैठकले कम्पनीको १३ औं, १४ औं तथा १५ औं संयूक्त वार्षिक साधारण सभा मिति २०८२/०७/२८ का दिन साबिककै समय र स्थान, बिहान ११:०० वजे लिसारा रिसेप्सन्स प्रा. लि., भगवती वहाल, नक्सालमा बस्ने भनी निर्णय भए अनुसार कम्पनी ऐनको दफा ६७ (२) को व्यवस्था बमोजीम कम्पनीको सभा सम्बन्धी सूचना सबै शेयरधनी महानुभावहरुलाई मिति २०८२/०७/२१ गतेको प्रभाव राष्ट्रिय दैनिकमा एक पटक सूचना प्रकाशन गरी जानकारी गराइएको थियो ।

**२.छलफलका विषयहरु:**

**<u>क) सामान्य प्रस्तावहरु</u>**

१. कम्पनीको संचालक समितिको तर्फवाट अध्यक्षले प्रस्तुत गर्ने आ.व. ०७८।०७९, ०७९।०८० र ०८०।०८१ क्रमश तेह्रौं, चौधौं र पन्ध्रौं संयूक्त बार्षिक प्रतिवेदन माथी छलफल गरि पारित गर्ने ।

२. आ.व. ०७९/८० को लागि मिति २०८०/०९/१७ को संचालक समितिले निर्णय गरी श्री कम्पनी रजिष्टारको कार्यालयले मिति २०८०।१०।०८ मा एस. सुवेदी एण्ड एसोसिएटस्लाई गरेको नियूक्ती र आ.व. ०८०/८१ को लागी मिति २०८१।०९।२३ को निर्णयले सिफारिस गरी श्री कम्पनी रजिष्टारको कार्यालयले मिति २०८१।०९।२८ मा लेखापरिक्षक श्री एन.डि. एण्ड एसोसिएटस्लाई गरेको नियूक्ती तथा पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।

३. आ.व.०७८।०७९, ०७९।०८०, ०८०।०८१ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब तथा सम्वन्धित अनुसुचीमा छलफल गरी पारीत गर्ने सम्वन्धमा ।

greenlife Hydro Power Ltd.

४. आर्थिक बर्ष ०८१।०८२ को लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्ती एबं निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

५. संचालक नियुक्ती अनुमोदन तथा सर्बसाधारण समुह बाट बाँकी अवधि प्रतिनिधि गर्ने संचालक चयन गर्ने सम्वन्धमा ।

**ख) बिशेष प्रस्तावहरु**

१. अधिकृत तथा जारी पूँजीबृद्धि सहित प्रवन्धपत्रको दफा ६ को उपदफा (क) (ख) (ग) (घ) र (ङ) संशोधन गर्ने सम्वन्धमा बिशेष प्रस्ताव ।
२. कम्पनीको स्विकृत नियमावलीको नियम २७ (१) (२) (क) (ख) (ग) र ३६ (५) संशोधन गर्ने बिशेष प्रस्तावका सम्वन्धमा ।
३. हाल कायम रहेको जारी तथा चुक्ता पूँजीबाट १ बरावर १ हकप्रद शेयर जारी गर्ने सम्वन्धमा बिशेष प्रस्ताव ।
४. कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा (१) (ख) का सम्वन्धमा बिशेष प्रस्ताव ।
५. उल्लेखित साधारण तथा बिशेष प्रस्तावका सम्वन्धमा कम्पनी रजिष्टार कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सेन्ज ली., बिद्युत बिकाश बिभाग, सिडिएस एण्ड क्लियरिङ्ग लि., बिद्युत नियमन आयोग लगायत नियमनकारी निकायबाट फेरवदल गर्न निर्देशन आएका बखत सो सम्वन्धि आवश्यक निर्णय गर्ने, संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने बिशेष प्रस्ताव ।

**ग) बिबिध**

**३) उपस्थिति :**

३.१ सञ्चालकज्यूहरु:

| | |
|---|---|
| अध्यक्ष | श्रीमति याङचेन डोमा लामा |
| प्रबन्धक संचालक | श्रीमति केसाङ्ग डिकि लामा |
| संचालक सदस्य | श्री तेन्जिन जम्पे लामा (अनलाईन मार्फत) |
| संचालक सदस्य | श्री छेतेन वाङ्गेल खाङकर लामा |
| संचालक सदस्य | श्री दावा छेतेन शेर्पा |

३.२ पदाधिकारी

| | |
|---|---|
| १. श्री भिष्म निरौला | कम्पनी सचिव |
| २. श्री कमल राज पौड्याल | बरिष्ठ बित्तिय ब्यवस्थापक |
| ३. श्री सुनिल श्रेष्ठ | बित्तिय ब्यवस्थापक |
| ४. श्री रविन तुलाधर | बित्तिय सल्लाहाकार |

३.३ आमन्त्रित:

| | |
|---|---|
| १. नारायण पौडेल | बितिय सल्लाहाकार |
| २. रोशन दाहाल | चार्टर्ड एकाउन्टेन्ट्स (लेखा परिक्षक) |

३.४ शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीहरुको संख्या : १४६
२. प्रतिनिधिपत्र मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या : ०
३. जम्मा उपस्थित संख्या : १४६

greenlife Hydro Power Ltd.

## ४. गणपुरक संख्या :

| विवरण | कुल संख्या | स्वयम् उपस्थित | प्रतिनिधिद्वारा उपस्थित | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीको संख्या | १,६३,२७४ | १४६ | ०० | १४६ | ०.०९% |
| शेयर संख्या | १,८०,००,००० | ६९,२७,२३५ | ०० | ६९,२७,२३५ | ३८.४८% |

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम पहिला पटक बोलाईएको साधारणसभामा गणपुरक सख्या अपुग भै साधारणसभा स्थिगित भएकोले पुनः बोलाईएको यो साधारणसभामा कम्पनी ऐन २०६३ को दफा ७३ (३) बमोजिम तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम साधारण सभामा हुन कम्पनीको बिक्री भएको जम्मा शेयर संख्याको २५% भन्दा बढी शेयर खरिद गर्ने र कुल शेयरधनीमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा निजका प्रतिनिधिहरु मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपुरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप नै यस कम्पनीको कूल १,८०,००,००० कित्ता शेयर मध्ये ६९,२७,२३५ कित्ता शेयर र १४६ जना शेयरधनीहरु स्वयम् उपस्थित भई कूल शेयरका ३८.४८% को प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार आजको यस सभाको गणपुरक संख्या पुगेको जानकारी सभालाई कम्पनी सचिव श्री भिष्म निरौलाले गराउनुभयो ।

## ५. सभाको वैधानिकता र सभापतित्व

पुनः दोस्रो पटक बोलाईएको यस १३ औं, १४ औं तथा १५ औं वार्षिक साधारण सभाको गणपूरक संख्या (२५ प्रतिशत भन्दा माथी ३८.४८%) पुगेकोले कार्यक्रम संचालक श्री सम बहादुर भट्टज्यूले यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्रीमती याङचेन डोमा लामालाई आजको यस १३ औं, १४ औं तथा १५ औं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरिदिनुहुन अनुरोध गर्नुभयो र अध्यक्षज्यूबाट सभाको सभापतित्व ग्रहण गर्नु भयो । साथै अन्य उपस्थित सञ्चालकज्यूहरुले आसन ग्रहण गर्नु भयो ।

कार्यक्रम संचालकले उपस्थित शेयरधनीहरुलाई यथास्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नु हुदै सभाको सुरुवात गर्न सभाको सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

## ६. स्वागत मन्तब्य

कम्पनीका प्रवन्धक संचालक श्रीमति केसाङ डिकि लामाज्यूले स्वागत मन्तब्य राख्दै सम्पुर्ण उपस्थित शेयरधनीहरुलाई सभामा उपस्थित भई दिएकोमा धन्यवाद दिनु भयो र आफ्नो मन्तब्य राख्नु भयो ।

## ७. वार्षिक साधारणसभाको प्रस्तुति

सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा कम्पनीको आ.व. ०७८।७९, ०७९।८० र ०८०।८१ को अध्यक्षज्यूको मन्तब्य सहित कम्पनीको बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात,नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा वित्तिय विवरणहरु अध्यक्षको अनुमतीले बरिष्ठ बित्तिय व्यवस्थापक श्री कमल राज पौड्यालले प्रस्तुत गर्नु भयो । सो प्रस्तुति पश्चात सो का बिषयमा छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव, तथा प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले आव्हान गर्नुभयो ।

**८. छलफलका लागि अध्यक्ष महोदयले आमन्त्रण गर्नु भए अनुसार सभामा शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझाव राख्नुभयो ।**



greenlife Hydro Power Ltd.

८(१) शेयरधनी श्री उत्तम दत्त पाण्डेः आ.व. ०७८।०७९, ०७९।०८० र ०८०।०८१ को साधारणसभा बोलाउदा पनि कम्पनीको गणपुरक सख्या नपुग्नु राम्रो भएन । स्थापना भएको यति बर्ष सम्म किन उत्पादन शुरु भएन भन्दै २०८१ असाढको वाढीले संरचना बिगारेको कारण आयोजना ढिला भएको स्विकार्नु भयो । बैंकको ऋण तिर्न तथा प्रतिफल लिन उत्पादन चाँडो शुरु गर्न अनुरोध गर्नुभयो । साधारणसभामा प्रस्तुत सबै प्रस्ताव प्रति पूर्ण समर्थन रहेको जानकारी दिदैं साधारणसभाको पुर्ण सफलताको कामना गर्नु भयो ।

८(२) शेयरधनी श्री सुदिप श्रेष्ठः खानीखोलाको पानी प्रयोग गरी उत्पादन गर्ने लक्ष राखेको यो योजनाले उत्पादन गर्न नसक्दा लगानिकर्ताले उचित मुनाफा पाउन सकेनन् । त्यसैले कम्पनीले यो योजना चाँडो सम्पन्न गरी भविष्यमा अन्य योजनामा समेत लगानी गरोस् । सबै शेयरधनीको आस प्रतिफल हो । कम्पनीले राईट शेयर जारी चाँडौं गरोस् ।

८(३) शेयरधनी श्री जगनाथ आचार्यः मिति २०८२।०७।१८ मा साधारणसभामा गणपुरक सख्या नपुगी आज पुनः बोलाईएको साधारणसभाको कार्यतालीका बमोजिम संचालन गर्न सुझाव दिनुभयो । पब्लिक कम्पनीको साधारणसभा प्रत्येक आ. व. हरुमा गर्न सुझाव दिदैं लगानिको आम्दानी नबडेको मा चिन्ता गर्दै १ बरावर १ राईट शेयर वाट जम्मा हुने रकम सोलार पावरमा लगाउदा कम लगानिमा आयोजना बन्ने सुझाव दिनुभयो । अहिले बैंकले रकम संकलन गरेर लगानी गर्न नसकेको अवस्थामा बैंक संग बार्गेनिङ्ग गरी कम ब्यजमा कर्जा लिन सुझाव दिनु भयो । १७ वर्ष सम्म पनि योजना सफल नहुनु दुखद रहेको बताउदैं सभामा संचालक स्वयम् ढिला आउनु र कम्पनीमा संलग्न कर्मचारीलाई उचित तलव तथा सुबिधा दिन सुझाउनु भयो । बिद्युत उत्पादन गरी समग्र राज्यलाई सहयोग गर्न तथा बार्षिक प्रतिवेदनमा संचालकको फोटो समेत प्रकाशन गर्न सुझाव दिनु भयो । प्राकृतिक प्रकोपवाट बच्न उचित बिमा कम्पनी संग बिमा गराउन सल्लाह दिदैं अव आउने साधारणसभा समयमा सम्पन्न गर्न शुभकामना समेत दिनु भयो ।

८(४) शेयरधनी श्री ब्रम्हदेव शाक्यः प्रत्येक वर्षको साधारणसभा समयमा गरौं भन्दै प्रस्ताव न. ५ को संचालक समिति नियूक्त निर्वाचन वाट गर्ने हैन भनि प्रश्न गर्नुभयो । यतिका संचालको राजिनामा कसरी एकै साथ आयो भन्दै संचालक समिति बिच एकमत हुनुपर्ने कुरामा जोड दिनुभयो । यो आयोजना प्राकृतिक प्रकोपको कारण ढिला भएको भन्दै सुरक्ष मापदण्ड पुरा गरी अगाढि वढ्न सुझाव दिनुभयो । १ बरावर १ हकप्रद शेयर दिएको राम्रो भन्दै प्रतिफल चाँडैं निकाल्न संचालक समितिलाई आग्रह गर्नुभयो ।

८(५) शेयरधनी श्री ईन्द्र प्रसाद लामिछानेः संचालकको नाम धेरै देखियो, उपस्थित कम देखियो, यस अघि स्थगित भएको साधारणसभामा किन आवस्यक प्रोक्सी संकलन गरिएन भनि प्रश्न गर्दै आ.व. ०८१।८२ को साधारणसभा गर्ने समयमा हाल आ.व.०७८।०७९, ०७९।०८० र ०८०।०८१ को साधारणसभा गरेकोमा दुखः ब्यक्त गर्नु भयो । अव उप्रान्त यस्तो नहोस् भन्दै आ.व. ०८१।०८२ को कहिले गर्ने भनि प्रश्न गर्नु भयो । लेखा परिक्षण प्रतिवेदन बारे आफ्नो छोटो तर्क राख्दै १ बरावर १ राईट शेयर यथासक्य चाँडो जारी होस् र कम्पनीले प्रतिफल चाँडो दिओस् भन्दै, शेयरधनीले धैर्य गरी बसेको जानकारी दिनुभयो ।

८(६) शेयरधनी श्री गोविन्द बहादुर के.सी.: १६ बर्ष बित्दा पनि आयोजना पुरा गर्न नसकेको कारण बिद्युत उत्पादन नभएको जस्का कारण प्रतिफल प्रप्त गर्न नसकिएको, बिभिन्न समयमा आएका बिनासकारी भुकम्प तथा बाँढी पहिरोका कारण पनि आयोजना सम्पन्न हुन नसकेको बताउदै उत्पादन नहुदैं राईट शेयर जारी गर्न उपयूक्त नहुने बिचार राख्नु भयो । राईट शेयर वाट संकलन हुने रकम कहाँ



greenlife Hydro Power Ltd.

प्रयोग गर्ने सो को स्पष्ट खाका संचालक समितिले राख्न नसकेको बताउनु भयो । पब्लिक लि. कम्पनी प्रा. लि. कम्पनी जस्तो साधारणसभा गर्न छुट छैन भन्दैं आ.व. ०८१।०८२ को साधारणसभा समयमा गर्न सुझाउनु भयो । मुख्य बिषय बिद्युत उत्पादन हो भन्दै चाँडो उत्पादन गरी समृद्ध राज्य निमार्ण गर्न आब्हान गर्नुभयो । अन्तमा यो बार्षिक साधारणसभाको सफलताको शुभकामना दिनुभयो ।

८(७) शेयरधनी श्री निरुपमा गुप्ता: कम्पनीको बुक भ्यालु राम्रो रहेको बताउदैं धेरै पब्लिक कम्पनीले महिलालाई उपेक्षा गर्ने गरेको जनाउदैं यस कम्पनीमा अध्यक्ष सहित २ जना महिलाको संलग्नता रहेकोमा खुशि भएको जानकारी दिदैं धन्यवाद दिनु भयो । अनावस्यक खर्चमा मितब्याहिता गर्न अनुरोध गर्दै कसरि लगानीकर्ताको लगानीमा प्रतिफल दिन सकिन्छ सो बारेमा बढी बिचार गर्न अनुरोध गर्नु भयो । अन्तमा कम्पनीलाई उत्तर उत्तर प्रगतिको कामना सहित साधारणसभा सफलताको कामना गर्नुभयो ।

८(८) शेयरधनी श्री सुरेन्द्र चिमौरिया, श्री ब्रम्हदेव शाक्य तथा श्री लक्ष्मण बहादुर श्रेष्ठले कम्पनीको संचालक समितिलाई सम्बोधन गरी लिखित रुपमा कम्पनीको आ.व. ०७८।०७९, ०७९।०८० र ०८०।०८१ क्रमश तेह्रौं, चौधौं र पन्ध्रौं संयूक्त साधारणसभाको सफलताको कामना गरी पेश गर्नु भएको शुभकामना, सल्लाह तथा सुझाव समेटिएको पाईयो । उहाँहरुले कम्पनीको परियोजना चाँडो सम्पन्न गर्न, हकप्रद शेयरको चाँडो वााडफाँड होस्, तथा कम्पनीको नियमित साधारण सभा समयमा होस् जस्ता बिषय उठाउनु भएको पाईयो ।

**९. जिज्ञासाको उत्तर**

**क) प्रवन्ध संचालक श्री केसाङ्ग डिकि लामा:**

प्रवन्ध संचालकले शेयरधनी महानुभावहरुबाट व्यक्तगर्नु भएका विभिन्न सल्लाह सुझावका लागि स्वागत गर्दै हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । साथै एकैसाथ सबै प्रश्नहरुको उत्तर दिनुभयो ।

कम्पनीले बिद्युत उत्पादन यहि पुस महिना भित्र थाल्ने जानकारी दिदैं कम्पनीको साधारणसभा बिगत तिन बर्ष देखी नगरेकोमा सभा समक्ष दुख व्यक्त गर्नु भयो । अव आईन्दा साधारणसभा समयमा बस्ने भन्दै प्राकृतिक प्रकोप जस्तै बिनासकारी भुकम्प तथा बिभिन्न समयमा आएको वाढीं पहिरोका कारण आयोजना ढिला भएको जानकारी सभालाई गराउनु भयो । हामि प्रतिफल सहित साधारणसभामा जाने भन्दा भन्दै प्रतिफल नआउदा साधारणसभा गर्न नसकेको बताउनु भयो । आ. व. ०८१।०८२ को साधारणसभा २०८२ पुस वा माघ महिना भित्र सम्पन्न गर्ने वताउदै आयोजनाका सबै कार्य अन्तिम चरणमा रहेको जानकारी सभालाई गराउनु भयो । साधारणसभा नियमित गर्ने प्रतिवद्धता, चाँडो बत्ति वाल्न अग्रसर रहने, १ बरावर १ हकप्रद शेयरलाई चाँडो सम्वन्धित निकायवाट कार्यान्वयन गराउने, कार्यतालिकालाई महत्व दिई सभा संचालन गर्ने तथा कम्पनीले उत्पादन चाँडो गरी शेयरधनीलाई प्रतिफल दिने भन्दै यस कार्यक्रममा उपस्थित भएर अमुल्य सल्लाहा सुझाव दिनुभएकोमा सबै शेयरधनीलाई धन्यवाद दिनु भयो ।

**ख) बित्तिय सल्लाहाकार नारायण पौडेल:**

बित्तिय सल्लाहाकारले शेयरधनी महानुभावहरुबाट व्यक्त गर्नु भएका विभिन्न सल्लाह सुझावका लागि स्वागत गर्दै हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । साथै एकैसाथ सबै प्रश्नहरुको उत्तर दिनुभयो ।

यस कम्पनीमा ३ बर्ष देखि आर्थिक सल्लाहाकार रहेको जानकारी दिदैं आ. व. ०८१।०८२ को साधारणसभामा मात्र कम्पनीका सबै डाटा आउने, नियमनकारी निकायलाई समेत जानकारी दिए बमोजिम २०८२ पुस सम्ममा २५ मे.वा. को बत्ति बलीसक्ने तथा थप १५ मे.वा. को निर्माण सम्पन्न १ वर्ष भित्र सम्पन्न गरि सक्ने गरी कुल ४० मे.वा. बिद्युत उत्पादन गर्ने वताउनु भयो । १,८०,००,००,००० ( रु एक अरव असि करोड रुपयाँ मात्र) ले ४० मे.वा. बिद्युत उत्पादन गर्न नसक्ने यथार्थ हो भन्दै बैंकले कम्पनीले



greenlife Hydro Power Ltd.

चुक्ता गरेको पूजिँको अनुपातमा मात्र लगानि गर्ने वताउनु भयो । सो अनुपात पुरा गर्न पनि कम्पनीले १ बरावर १ राईट शेयर जारि गर्ने बिशेष निर्णय गरेको हो, उहाँले भन्नु भयो सो रकमलाई आयोजना निर्माण कार्यको लागि खर्च गर्ने तथा केही रकम बैंकको ऋण तिर्न खर्च गरिने वताउनु भयो । १ बरावर १ राईट शेयरको नियमनकारी निकायवाट यथासक्य चाँडो स्विकृत गराई शेयरधनी सामु लैजाने निर्णय भएको जानकारी गराउनु भयो । आगामि माघ महिना भित्र आ. व. ०८१।०८२ को साधारणसभा नगरे संचालक समितिको बैधता समाप्त भै कम्पनी संकटमा जाने भएकोले साधारणसभा अपरिहार्य भएको जानकारी सभालाई गराउनु भयो ।
उपथित भई जिज्ञासा राखेकोमा शेयरधनीलाई धन्यवाद दिदैं अन्य केही जिज्ञासा भए निर्धक्क राख्न अनुरोध गर्नु भयो ।

सो पश्चात शेयरधनीज्यूहरुले उठाउनुभएको जिज्ञासाहरु चित्तबुझ्दो जवाफ पाएको जानकारी सभालाई गराउनु भयो, र थप कुनै जिज्ञासा नभएकोले कार्यक्रमलाई अगाडि बढाउन सहमती दिए पश्चात अब प्रस्तावित विषयहरुको निर्णय तिर जान अध्यक्ष ज्यूले सभालाई आग्रह गर्नुभयो ।

**१०. सभाको निर्णय**

**१०. (१) साधारण प्रस्तावहरु तर्फ :**

१. कम्पनीको संचालक समितिको तर्फवाट अध्यक्षज्युले प्रस्तुत गर्ने आ.व. ०७८।०७९, ०७९।०८० र ०८०।०८१ क्रमश तेह्रौं, चौधौं र पन्ध्रौं संयूक्त बार्षिक प्रतिवेदन माथि छलफल भै सकेकोले सर्मथन गरी पारित गर्ने सर्बसम्मत निर्णय गरियो ।

२. आ. व. २०७९।०८० को लागि मिति २०८०।०९।१७ को संचालक समितिले निर्णय गरी श्री कम्पनी रजिष्टारको कार्यालयले मिति २०८०।१०।०८ मा एस. सुवेदी एण्ड एसोसिएटस्लाई (पारिश्रमिक रु.२,९५,००० (भ्याट बाहेक) गरेको नियूक्ती, आ. व. २०८०।०८१ को लागि मिति २०८१।०९।२३ को संचालक समितिको निर्णयले सिफारिस गरी श्री कम्पनी रजिष्टारको कार्यालयले मिति २०८१।०९।२८ मा लेखापरिक्षक श्री एन. दि. एण्ड एसोसिएटस्लाई ( पारिश्रमिक रु १,९५,०००) (भ्याट बाहेक) गरेको नियूक्ती तथा पारिश्रमिक सभाले सर्मथन भएकोले अनुमोदन गरी पारित गर्ने सर्बसम्मत निर्णय गरीयो ।

३. आ. व.०७८।०७९, ०७९।०८० र ०८०।०८१ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब तथा सम्वन्धित अनुसुचीमा ब्यापक छलफल गर्दा सर्मथन गरी पारीत गर्ने निर्णय सर्बसम्मत निर्णय गरीयो ।

४. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आगामि आर्थिक बर्ष ०८१।०८२ को लेखा परिक्षण गर्न मिति २०८२।०६।०८ को संचालक समितिले प्रस्ताव गरेका लेखा परिक्षक श्री एस. सुवेदी एण्ड एसोसिएटस्लाई पारिश्रमिक रु २,२६,००० (दुई लाख छब्बिस हजार रुपयाँ मात्र) (भ्याट सहित) दिई लेखा परिक्षकमा नियूक्त गर्ने मनासिव भएकोले सो सर्बसम्मतले पारित गरी सो को जानकारी कम्पनी रजिष्ट्रार लगायतका निकायहरुलाई दिने निर्णय गरीयो ।

५. यस कम्पनीको १२ औं साधारणसभाले आगामी कार्यकाल ४ वर्षको लागी नियूक्त गरेको सर्बसाधारण तर्फका २ जना संचालकहरुले दिएको राजिनामा पश्चात मिति २०८१/१२/१७ को संचालक समितिले नियूक्त गरेका संचालक श्री दावा छेतेन शेर्पालाई आगामि कार्यकाल (१६ औं बार्षिक साधारणसभा) सम्मको लागी नियूक्त गर्ने संचालक समितिले प्रस्ताव गरेकोमा सभामा छलफल हुंदा सभाले स्विकृत दिएकोले सर्बसम्मत पारित गर्ने निर्णय गरियो ।

greenlife Hydro Power Ltd.

१०.(२) **बिशेष प्रस्तावहरु तर्फ :**

१. कम्पनीलाई १ बरावर १ हकप्रद शेयर जारी गर्न हाल कायम रहेको अधिकृत तथा जारी पूँजीअपुग हुने भएको तथा हाल कम्पनीमा संस्थापक तथा साधारण शेयरधनी एउटै समुह भएकोले अधिकृत तथा जारी पूँजीबृद्धि गरी प्रवन्धपत्रको दफा ६ को उपदफा (क) (ख) (ग) (घ) र (ङ) मा निम्न बमोजिम संशोधन गर्ने बिशेष निर्णय सर्बसम्मत पारित गरियो ।

क) यस कम्पनीको अधिकृत पूँजी रु. ३,६०,००,००,००० (तिन अरव साठी करोड मात्र) हुनेछ । सो पूजिँलाई प्रति शेयर रु १०० दरका ३,६०,००,००० (तिन करोड साठी लाख) थान साधरण शेयरमा बिभाजन गरिएको छ ।

ख) यस कम्पनीको जारी पूँजी रु.३,६०,००,००,००० (तिन अरव साठी करोड मात्र) हुनेछ ।

ग) यस कम्पनीको चुक्ता पूँजी रु.१,८०,००,००,००० (एक अरव असि करोड मात्र) हुनेछ ।

घ) हटाईएको

ङ) हटाईएको

२. कम्पनीको नियमावलीको नियम २७ अन्तर्गत यस अघि कायम रहेको संचालक समिति सम्वन्धि ब्यवस्थामा कम्पनीमा हाल शेयरधनीबिच कुनै समुह नभएकोले कम्पनीको स्विकृत नियमावलीको नियम २७ (१) (२) (क) (ख) (ग) र ३६ (५) निम्न बमोजिम संशोधन गर्ने बिशेष निर्णय सर्बसम्मत पारीत गरियो ।

२७) (१): यस कम्पनीमा १ जना महिला संचालक र १ जना स्वतन्त्र बिशेषज्ञ संचालक सहित ५ जनाको संचालक समिति हुनेछ । संचालकहरुको नियूक्ति वा निर्बाचन बार्षिक साधारणसभावाट हुनेछ ।

२७) (२): कुनै संचालकको कार्यकाल समाप्त नहुदैं पद रिक्त भएमा संचालक समितिले आगामि बाँकी कार्यकाल सम्मको लागी संचालक चयन गर्न सक्नेछ ।

२७) (२) (क) : हटाईएको

२७) (२) (ख) : हटाईएको

२७) (२) (ग) : हटाईएको

नियम ३६ (५) हटाईएको

३. कम्पनीले दोलखा जिल्ला, गौरीशंकर गा. पा. ८ स्थित निर्माण सम्पन्न हुने आवस्थामा रहेको २५ मेगावाट क्षमताको खानी खोला १ आयोजनामा हनपु खोला र नाप्के खोलाको पानी थपी १५ मेगा वाट क्षमता अभिबृद्ध गरी आयोजनाको जम्मा क्षमता ४० मेगा वाट गर्न आवश्यक रकम संकलन प्रयोजनार्थ तथा विभिन्न बैंकहरुबाट लिएको कर्जा रकम भुक्तानी गर्नको लागी हकप्रद शेयर जारी गर्ने निर्णय गरियो । सो प्रकृयाको लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयवाट कम्पनीको अधिकृत तथा जारी पूँजीबृद्धि अनुमती प्राप्त भए पश्चात जारी हुन बाँकी रहने १,८०,००,००० थान शेयर बाट १ बरावर १ हकप्रद शेयर जारी गर्ने सम्वन्धमा बिशेष निर्णय गरियो र सो सम्वन्धि आवस्यक निकायमा शेयर निश्कासन गर्ने प्रकृया गर्न संचालक समितिलाई अख्तियारी दिने बिशेष निर्णय सर्बसम्मत पारित गरियो ।

४. कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा (१) (ख) का बिशेष प्रस्तावका सम्वन्धमा छलफल गर्दा कम्पनीले बैंक तथा बित्तिय संस्थावाट छ महिना भन्दा कम अवधिको लागी लिएको ऋण



greenlife Hydro Power Ltd.

सुविधा बाहेक आफ्नो चुक्ता पूँजी र संचित मुनाफा (फ्री रिजर्भ) भन्दा वढी हुनेगरी ऋण लिन संचालक समितिलाई अख्तियारी दिने बिशेष निर्णय सर्वसम्मतवाट पारीत गरियो ।

५. यस साधारणसभामा पारित गरेका उल्लेखित साधारण तथा बिशेष प्रस्तावका सम्वन्धमा कुनै त्रुटि भएको अवस्थामा नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., बिद्युत बिकाश बिभाग, सिडिएस एण्ड क्लियरिङ्ग लि., बिद्युत नियमन आयोग लगायत निकायबाट आवस्यक संशोधन तथा फेरवदल गर्न निर्देशन आएका बखत उल्लेखित सबै प्रस्तावको आवस्यक निर्णय गर्ने, संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने बिशेष निर्णय सर्बसम्मत पारीत गरियो ।

१०.(३) बिबिध बिषयमा अन्य कुनै विषय नभएकाले यस बिषयमा चर्चा गरीएन ।

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

छलफलका निमित्त राखिएका प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतीले कम्पनी सचिव भिष्म निरौलाले तेह्रौं, चौधौं र पन्ध्रौं सम्यूक्त वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रुपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै संचालक, शेयरधनीहरु, पत्रकारहरु तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गरी दिउसो १.३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

द.----------------
भिष्म निरौला
कम्पनी सचिव

द.----------------
श्रीमती याङचेन डोमा लामा
अध्यक्ष

greenlife Hydro Power Ltd.